गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को प्रकाशन


एनआरएन पत्र

कोभिड-१९ विशेषांक

अंक ११ असार २९, २०७७

July 13 2020, Issue 11


# विदेशमा संक्रमितमध्ये ९२ प्रतिशत संक्रमणमुक्त





गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिका अनुसार विदेशमा कोरोना भाइरसका कारण निधन हुनेको संख्या र संक्रमणको दर उल्लेख्य रूपमा कमी हुँदै गएको छ । समिति का अनुसार कुल कोरोना संक्रमित मध्ये ९२ प्रतिशत नेपालीहरू कोरोना संक्रमणबाट मुक्त भएका छन् । असार २७ (शनिवार) साँझसम्म विश्वभर २९ हजार ६ सय २४ जना मध्ये २७ हजार ३ सय ६२ जना नेपाली संक्रमण मुक्त भएको समितिले उल्लेख गरेको छ ।

स्वास्थ्य समितिका संयोजक डा. संजीव सापकोटाका अनुसार अष्ट्रेलिया, पोल्याण्ड, कतार, साउदी अबर लगायतका देशमा रहेका नेपालीहरूमा भने यो साता कोरोना संक्रमण दर सामान्य रूपमा वृद्धि भएको छ ।

हालसम्म नेपालसहित कोरोना भाइरसका कारणले विश्वभर ज्यान गुमाउनेको नेपालीको संख्या १ सय ८१ पुगेको छ भने ४६ हजार ३ सय ४६ जनामा संक्रमण फैलिएको छ । ती मध्ये ३५ हजार ८ सय ४ जना कोरोना मुक्त भएको स्वास्थ्य समितिले जनाएको छ ।






## मूल्यांकन एवं समिक्षाका लागि सरकार द्वारा दुई दिन उद्धार उडान स्थगन,

# असार ३१ गते ४१ वटा उडान हुँदै

विदेशमा अलपत्र परेका नेपालीलाई उद्धार उडान अभियानको मूल्यांकन एवं समिक्षाका लागि भन्दै नेपाल सरकारले असार २९ र ३० गते दुई दिन उडान स्थगन गर्ने निर्णय गरेको छ । विभिन्न मुलुकमा अलपत्र परेका नेपालीलाई उद्धार उडानमार्फत जेठ ३२ गतेदेखि थालिएको स्वदेश फर्काउने अभियान दुई दिनका लागि स्थगन गरिएको हो । विदेशमा अलपत्र परेका नेपालीलाई उद्धार गर्न मन्त्रालयले पहिलो चरणमा जेठ २८ देखि असार ११ सम्म ६७ वटा चार्टर उडानलाई अनुमति दिएको थियो । तर कुनै मुलुकमा उद्धार नगरी नहुने भएमा विशेष अनुमति दिइनेछ, साथै औषधिजन्य कार्गो उडानलाई पनि अनुमती दिइनेछ । समिक्षा सकिएपछि असार ३१ गते बाट पुनः उद्धार गर्न नेपाल सरकारले तेस्रोपटक एक साताका लागि उडान तालिका थपेको छ । उद्धारका लागि आगामी असार ३१ गतेदेखि ६ वटा मुलुकबाट ४२ वटा उद्धार उडान हुनेछन् । सो उद्धार उडान साउन ६ गते मंगलबारसम्म सञ्चालन हुने छ। सो क्रममा युएई, दुबई, अबुधाबी, साउदी अरबको दमाम, रियाद, कुबेत, कतार, बहराइन, सारजाह र मेलेसियाबाट नेपाली नागरिकलाई उद्धार गरिने छ । ६ वटा मुलुकका १० वटा विमानस्थलबाट नेपाल वायुसेवा निगमले १६, हिमालय एयरलायन्सले १६ वटा गरी ३२ वटा उडान गर्ने अनुमति सरकारले दिएको छ । त्यस्तै विदेशी वायुसेवा कम्पनी अर्न्तगत यसपटक एयर अरेबियाले २, फ्लाई-दुबईले २ र मेलेसियाको मालिन्दो एयरले ४ वटा उडान अनुमति पाएका छन् । सरकारले नियमित हुने व्यवसायिक उडान भने साउन ६ गतेसम्म रोकेको छ ।

# २६ हजार ३ सय ९६ जना नेपालीको उद्धार

नेपाल सरकार, कुटनीतिक निकाय र गैरआवासीय नेपाली संघको पहलमा विभिन्न २३ मुलुकमा अलपत्र परेका, भिसा अवधि सकिएका, आफन्त भेटघाटमा गई उतै रोकिएका र अन्य विविध कारणले समस्यामा परेका २६ हजार ३ सय ९६ जना नेपालीको उद्धार गरेको छ । विभिन्न एयरलाइन्सका १ सय ४९ उडान फ्लाइटमार्फत उनीहरूको उद्धार गरिएको हो । गत जेठको मध्यदेखि सुरू उद्धार उडानमार्फत हालसम्म संयुक्त अरब एमिरेट्स युएईबाट ५ हजार ५ सय २७ सय जनाको उद्धार भएको छ । कुवेतमा आममाफी पाएका र अन्य अलपत्र गरी धेरै ५ हजार २ सय ४३ जनाको उद्धार गरिएको छ । यस्तै साउदी अरबबाट ४ हजार ३० जना, मलेसियाबाट ३ हजार ५३, कतारबाट २ हजार ८ सय ८४ जनाको उद्धार गरिएको हो । यस्तै अफगानिस्तानबाट १८, अष्ट्रेलियाबाट ४८३, म्यानमारबाट २६, जापानबाट ४९२, थाइल्याण्डबाट ३२६, दक्षिण कोरियाबाट ४७६, बंगलादेशबाट ८४१, माल्दिभ्सबाट ७०९, श्रीलंकाबाट ५, सिंगापुरबाट १४६, हङकङबाट ८९, बहरइनबाट ५६७, अमेरिकाबाट ४२३, बेलायतबाट २२९, इजरायलबाट १२७ र चीनबाट १०५ जनालाई स्वदेश फर्काइएको हो । शनिवार मात्रै विभिन्न मुलुकबाट १ हजार ३ सय ८१ जना स्वदेश फर्किएका छन् ।

# १ सय ५७ शव ल्याइयो

विदेशमा ज्यान गुमाएकामध्ये १ सय ५७ जनाको शव नेपाल ल्याएर परिवारलाई बुझाइएको छ । विदेशमा विभिन्न कारण ज्यान गुमाएका ४ सय ६ जनामध्ये १ सय ४६ जनाको परिवारको सहमतिमा देशमा अन्त्येष्टि गरिएको छ । विदेशबाट अझै १ सय ९ वटा शव नेपाल ल्याउन बाँकी छ ।



# भानु सर्किट निर्माणका लागि एनआरएनएलाई सहकार्य गर्न प्रज्ञा-प्रतिष्ठानको प्रस्ताव



गैरआवासीय नेपाली संघ अन्तरराष्ट्रिय समन्वय परिषद (एनआर एनए) ले २०७ औँ भानु जयन्ती एवं अन्तर्राष्ट्रिय नेपाली भाषा दिवस एक विशेष कार्यक्रम गरी मनाएको छ ।

संघ मातहतको भाषा, साहित्य, संस्कृति तथा सम्पदा प्रवर्द्धन समितिले अनलाईनमार्फत भानु जयन्ती एवं अन्तर्राष्ट्रिय नेपाली भाषा दिवसमा विशेष कार्यक्रम गरेको हो । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवं नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डाक्टर जगमान गुरूङले एनआरएन र प्रतिष्ठानले एकापसमा सहकार्य गरेर भाषा, साहित्यको क्षेत्रमा धेरै काम गर्न सक्ने बताउनुभयो ।

प्रतिष्ठानबाट प्रदान गरिने भानुभक्त पुरस्कारका लागि एनआर एनलाई सहयोग गर्न आग्रह गर्दै उहाँले भानु सर्किट निर्माणका लागि प्रतिष्ठान एनआरएनएसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो । उपकुलपति गुरूङले भानु जयन्तीलाई अन्तर ाष्ट्रिय नेपाली भाषा दिवसका रूपमा मनाउन प्रतिष्ठानको तर्फबाट आवश्यक पहल गर्ने प्रतिबद्धता समेत बताउनुभयो ।

एनआरएनएका अध्यक्ष कुमार पन्तले एनआरएन नेपाली भाषा, साहित्यको प्रवर्द्धनका लागि सहयोग गर्न तयार रहेको बताउनुभयो । अध्यक्ष पन्तले पुरस्कारका लागि सहयोग गर्ने र भानु सर्किटको प्रस्तावबारे छलफल गरेर अघि बढ्ने बताउनुभयो ।

एनआरएनका संस्थापक एवं पूर्वअध्यक्ष जीवा लामिछानेले आफ्नो कार्यकालमा प्रज्ञा प्रतिष्ठान र एनआरएन बीच आपसी सहकार्य गरेर जाने सम्झौता भएकाले सोही अनुसार अघि बढ्न सुझाव दिनुभयो ।

एनआरएन भाषा, साहित्य, संस्कृति तथा सम्पदा प्रवर्द्धन समितिका अध्यक्ष हिक्मत थापाले स्वागत गरेको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य डा. हेमनाथ पौडेल, प्रतिष्ठानका पूर्व सदस्यसचिव डा. तुलसीप्रसाद भट्टराई, भाषाविद प्राध्यापक डा.माधवप्रसाद पोखरेल, अन्तर ाष्ट्रिय नेपाली साहित्य समाजका संस्थापक अध्यक्ष होमनाथ सुवेदीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

यसैगरी रूसमा बसेर लामो समयदेखि नेपाली साहित्यको क्षेत्रमा योगदान दिइरहेका कृष्णप्रकाश श्रेष्ठ, नेपाली भाषी भुटानी मूलका साहित्यकार डा. लक्ष्मीनारायण ढकाल हाल अमेरिका र म्यानमारमा रहेका नेपालीभाषी साहित्यकार प्रवीणहरि प्रधान 'भिक्टर' लगायतका प्राज्ञ एवं साहित्यकारले नेपाली भाषाको एकीकरणमा आदिकवि भानुभक्त आचार्यको योगदान, नेपाली भाषा साहित्यलाई अन्तर्राष्ट्रियकरण गर्न भइरहेका प्रयास र यसका चुनौती एवं गैर आवासीय नेपालीले भाषा र साहित्यको क्षेत्रमा गरिरहेको योगदानका बारे चर्चा गरेका थिए ।

करिब तीन घण्टा लामो कार्यक्रमको सञ्चालन समितिकी सदस्य सचिव एवं प्रवासी प्रवाह कार्यक्रमकी सञ्चालक भगवती बस्नेत र समितिका मिडिया कोअर्डिनेटर गौतम दाहालले गरेका थिए ।

# अस्ट्रेलियाको मेलबर्नमा चार नेपाली विद्यार्थीमा कोरोना भाइरस संक्रमण

अस्ट्रेलियाको मेलबर्नमा चार नेपाली विद्यार्थीमा कोरोना भाइरस (कोभिड-१९) को संक्रमण देखिएको छ । संक्रमितमध्ये तीन जना एकै स्थानमा बस्दै आएका थिए । अस्ट्रेलियास्थित नेपाली राजदूत महेशराज दाहालका अनुसार एक विद्यार्थीमा भाइरसको संक्रमण देखिएपछि उनीसँग सम्पर्कमा आएका अन्यको परीक्षण गरिएको थियो ।

संक्रमित विद्यार्थीहरूको अवस्था सामान्य रहेको र उनीहरु स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहेका छन् । संक्रमण देखिएका विद्यार्थी पछिल्लो समय भाइरस संक्रमण तीव्र रूपमा फैलिइरहेको मेलबर्नको ग्लेनरोय क्षेत्रका हुन् । उनीहरु हाल आफ्नै घरमा आइसोलेसनमा रहेको एनआरएनए अस्ट्रेलियाका अध्यक्ष केशव कँडेलले बताउनुभयो । कँडेलले एनआरएनएका तर्फबाट विद्यार्थीलाई आवश्यक सहयोग पुऱ्याउने बताउनुभयो ।

पछिल्लो समय कोभिड-१९ का बिरामी बढ्दै गएपछि मेलबर्न र आसपासका केही क्षेत्रमा ६ साताका लागि लकडाउन गरिएको छ ।

# एनआरएन युकेको अन्तर्राष्ट्रिय सेमिनार सम्पन्न

सरकारले विदेशबाट उद्धार उडान गरिरहेको भएपनि अझै सयौं महिलाहरू खाडी मुलुकमा अलपत्र अवस्थामा रहेको भन्दै उनीहरूलाई यथाशिघ्र नेपाल फर्काउने व्यवस्था मिलाउन एनआरएन अभियन्ताहरूले नेपाल सरकारसँग माग गरेका छन् । गैरआवासीय नेपाली संघ युकेद्वारा आयोजित 'कोभिड-१९ ले नेपाली महिलाहरूमा पारेको प्रभाव' विषयक 'भर्चुअल' अन्तर ाष्ट्रिय सेमिनारमा भाग लिंदै एनआरएन पदाधिकारीहरूले त्यस्तो माग राखेका हुन् । एनआरएनकी अन्तर्राष्ट्रिय महिला संयोजक भोमा लिम्बुले साउदी अरेबियामा स्वदेश फर्कन नाम लेखाएका झन्डै ४० हजार नेपालीहरू मध्ये करिब १०,हजार महिला रहेको जानकारी गराउनुभएको थियो ।


कुवेतमा कैयौं नेपाली महिलाहरू स्वदेश फर्कने आसमा 'रिप्याट्रीएसन् सेन्टर' हरूमा पर्खिरहेको उहाँले बताउनुभयो । त्यस्तै एनआरएन कतारकी महिला संयोजक अम्बिका खत्रीले कतारमा धेरै नेपालीहरूले रोजगारी र कानूनी हैसियत पनि गुमाएको र निकै समस्या व्यहोरी रहेको बताउनुभयो ।

साउदी अरेबियाकी एनआरएन आइसीसी सदस्य यास्मीन बेगम सैयदले धेरै नेपाली महिलाहरूले लकडाउनको अवधिमा घरेलु हिंसा र मानसिक तनाव व्यहोर्नु परेको बताउँदै खासगरी गर्भवतीप्रति समाज तथा सञ्चार माध्यमले नकारात्मक दृष्टिकोण राखेको गुनासो गर्नुभयो । महिला अधिकारकर्मी डा. रेणु अधिकारीले अहिले महिलाले आफ्नै परिवारमा हिंसा र विभेद खेप्नु परिरहेको र त्यो स्थितिमा सुधार नआउँदासम्म पुर्नस्थापनाको कुनै अर्थ नहुने बताउनुभयो ।

उहाँले सरकारको गलत नीतिकै कारण अधिकांश महिला गैरकानूनी रूपमा विदेश गईरहेको र अहिले उनीहरूले सरकार बाट कुनै सहयोग प्राप्त गर्न नसकेको बताउनुभयो । उहाँले कोरोना संक्रमण रोकथामकालागि महिला स्वयंसेविकाहरूलाई परिचालन गर्न र वैदेशिक रोजगारमा रहेका महिलाहरूलाई तत्काल मनोपरामर्श सेवा प्रदान गर्न पहल गर्न एनआरएनएलाई आग्रह गर्नुभयो ।

सेमिनारमा आमन्त्रित महिला, समाज कल्याण तथा ज्येष्ठ नागरिक मन्त्री पार्बत गुरूङले कोरोना भाइरसका कारण स्वदेश फर्किएका महिलाहरूको उचित व्यवस्थापनका लागि तत्कालिन, मध्यकालीन र दीर्घकालीन खालका कार्यक्रम ल्याउने तयारी भइरहेको बताउनुभयो । उहाँले कोरोना भाइरसका कारण रोजगार गुमाएर विदेशबाट फर्किएका महिलाहरूको पीडालाई सम्बोधन गर्नेगरी सहयोग गर्ने संघ, संस्थाहरूलाई सरकारले पुरस्कारसहित सम्मान गर्ने पनि बताउनुभयो । नेपाल सरकारले भूतपूर्व गोर्खा सैनिकहरूको नेपाली नागरि कता खोस्न नहुने भन्ने एक प्रश्नको जवाफमा मन्त्री गुरूङले दोहोरो नागरिकता दिने सरकारी नीति नभएको बताउँदै ने पाली नागरिकता चाहिएमा नेपाल फर्किन सुझाव दिनुभयो । यस्तै नेपाली कांग्रेसकी सांसद डा. डिला संग्रौलाले विदेशबाट घर फर्कीरहेका महिलाहरूले भेदभाव व्यहोर्नु परिरहेको बताउँदै रोजगारी गुमाएका, बिरामी र गर्भवतीलाई तत्काल निशुल्क स्वदेश ल्याउने व्यवस्था मिलाउन माग गर्नुभयो ।

उहाँले स्वदेश फर्किएका महिलाहरूलाई सीप विकास र आय आर्जन गरी आफ्नै परिवार र समुदायमा पुर्नस्थापना गर्नुपर्नेबताउनुभयो । उहाँले सरकारसँग नीतिगत स्पष्टता नभएको, महिला मैत्री नीति नभएको र कानूनी समस्याहरू रहेको बताउनुभयो । महिलालाई तालिम दिएर दक्ष कामदार को रूपमा सुरक्षा सुनिश्चित गरेरमात्रै महिलालाई वैदेशिक रोजगारमा पठाउनु पर्ने उहाँले सुझाव दिनुभयो ।



एनआरएन युकेकी अध्यक्ष पूनम गुरूङले कोभिड-१९ का कारण संसारभरि नै नेपालीहरूलाई असर परेको र ती मध्ये पनि महिलाहरू अरू बढी प्रभावित भएकाले उनीहरूको समस्याको पहिचान गरी समा-धानका उपायहरूबारे छलफल गर्न कार्यक्रम आयो जना गरिएको बताउनुभयो । उहाँले खास गरी खाडी मुलुकहरूमा नेपाली महिलाहरूले व्यहोर्नु परिरहेका समस्याहरू समाधान गर्न राज्यले तत्काल पहल गर्नु पर्ने र त्यसमा सघाउन एनआरएनए तत्पर रहेकोमा जोड दिनुभयो । कार्यक्रममा १ दर्जन भन्दा बढी देशका गैरआवासीय नेपालीहरूको उपस्थिती थियो । कार्यक्रम संयोजन रोजिना राईले गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन पत्रकार निर्मला शर्माले गर्नुभएको थियो । संघका महासचिव फडिन्द्र भट्टराईले कार्यक्रमको सारांश प्रस्तुत गर्नुभएको थियो ।

# एनआरएनएले बाढीपहिरो पीडित राहत कोष स्थापना गर्ने

गैरआवासीय नेपाली संघ (एनआरएनए) ले बाढीपहिरो पीडित राहत कोष स्थापना पर्ने भएको छ । गैरआवासीय नेपाली संघका कोषाध्यक्ष महेशकुमार श्रेष्ठका अनुसार गत आइतबार सम्पन्न संघको पदाधिकारी बैठकले केही दिनदेखिको अविरल वर्षाका कारण नेपालका विभिन्न भागमा आएको बाढीपहिरो पीडितको सहयोगार्थ सो कोष स्थापना गर्न लागेको हो ।

नेपालका बिभिन्न क्षेत्रमा वर्षासँगै बाढीपहिरो र डुबानले हजारौं संख्यामा मानिसहरू घरबाहरविहीन र मानवीय तथा भौतिक क्षति भएपछि संघले उनीहरूका लागि सहयोग जुटाउन सक्रियता देखाएको हो ।

महाविपत्तीको बेला विदेशमा रहेका नेपाली समुदायको सानो सहयोगले ठूलो राहत पुग्नसक्ने भएकाले यो अप्ठ्यारो अवस्था मा सबै पक्षलाई एक भएर सहयोग गर्न श्रेष्ठले आव्हान गरेका छन् ।

राहत कोषमा राष्ट्रिय समन्वय समितिको तर्फबाट सहयोग गरि दिनु हुनका लागि संघका सम्पूर्ण राष्ट्रिय समन्वय समितिहरू लाई श्रेष्ठले अनुरोध गरे ।

नेपालका बिभिन्न क्षेत्रमा वर्षासँगै बाढीपहिरो र डुबानले सयौं परिवार विस्थापित भएका छन् । बाढीपहिरोमा परी यो साता मात्र करिब ५ दर्जन मानिसको मृत्यु भइसकेको छ भने करिब तीन दर्जन जना बेपत्ता छन् ।










# गैरआवासीय नेपाली संघको राहत कोषमा रु १० करोड ८५ लाख ८४ हजार ६ सय ६६ संकलन

गैरआवासीय नेपाली संघ कोभिड(१९ राहत कोष अन्तर्गत रू. १० करोड ८५ लाख ८४ हजार ६ सय ६६ संकलन भएको छ । जस मध्ये अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोभिड-१९ राहत कोषमा ४ करोड ११ लाख ८२ हजार ४ सय ५३ र राष्ट्रिय समन्वय परिषद्हरूको कोभिड(१९ राहत कोषमा ६ करोड ७४ लाख २ हजार २ सय १३ रकम संकलन भएको छ ।

संकलन रकम मध्ये एशिया ५७ प्रतिशत, अमेरिकाज् १४ प्रतिशत, युरोप १७ प्रतिशत, मध्यपूर्व ५ प्रतिशत, ओसेनियाको ३ प्रतिशत अन्तर्राष्ट्रिय समन्वय परिषद्को ४ प्रतिशत रकम रहेको छ ।



गैरआवासीय नेपाली संघ

सुवर्ण सम्शेर मार्ग बालुवाटार, काठमाडौं, नेपाल

पोष्ट बक्स नं.: ११८९

फोन: ०१-४४११५३०/४४२६००५

ईमेल: info@nrna.org

वेबसाइट: www.nrna.org

**प्रधान सम्पादक**

डि. बि. क्षेत्री

**सम्पादक**

हेमन्त काफ्ले

**सम्पादन समुह:**

होम लम्साल

बसन्त रानाभाट

मेघराज सापकोटा

चिरन शर्मा


## NRNA HIGH LEVEL COMMITTEE ON CORONA PANDEMIC MITIGATION

| Position | Name | Affiliation | Country |
|---|---|---|---|
| Advisor | Mr Gagan Thapa | Former Minister of Health and Population | Nepal |
| Advisor | Dr Gangalal Tuladhar | Former Minister of Education & Disaster Management Expert | Nepal |
| Chair | Kumar Panta | President | Germany |
| Member | Dr. Badri K.C. | Vice President | Russia |
| Member | Arjun Kumar Shrestha | Vice President | Belgium |
| Member | Mana K.C. | Vice President | Australia |
| Member | Sonam Lama | Vice President | USA |
| Member | Rabina Thapa | Vice President - Women | USA |
| Member | Dr. Hem Raj Sharma | General Secretary | UK |
| Member | Gouri Raj Joshi | Secretary | USA |
| Member | R.K. Sharma | Secretary | Qatar |
| Member | Mahesh Kumar Shrestha | Treasurer | Japan |
| Member | Lok Prasad Dahal | Joint Treasurer | Belgium |
| Member | D.B Chettri | Spokesperson | Oman |
| Member | Bhoma Devi Limbu | Women Coordinator | Australia |
| Member | Himal Gurung | Youth Coordinator | Netherlands |
| Member | Dr Sanjeeb Sapkota | Chair, NRNA Health Committee | USA |
| Member | Dr Drona Rasali | Director, Population H Surveillance & Epidemiology, Provincial Health Services Authority, British Columbia | Canada |
| Member | Dr Alini Subedi | Central Clinical Hospital of Interior Ministry, Warsaw, Poland. | Poland |
| Member | Dr Kush Shrestha | President, Aussie Nepal Foundation | Australia |
| Member | Prof Dr Padam Simkhada | Global Public Health Expert, University of Huddersfield | UK |
| Member | Dr Puru Shrestha | Senior Public Health advocate | USA |
| Member | Dr Ramesh Kumar Khoju | President, Nepalese Doctors' Association UK | UK |
| Member | Prof Dr Satyan Man Rajbhandari | Health E change Nepal | UK |
| Member | Dr. Shakti Chaurasiya | Nepal Medical Students Society | Nepal |
| Member | Dr Shravan Kumar Mishra | Nepal Government Representative | Nepal |
| Member | Chiran sharma | Media Coordinator | UK |

# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का कोभिड-१९ सम्बन्धी साप्ताहिक गतिविधीहरु

## ८-१३ जुलाई २०२०

- **११ जुलाई २०२०:** गैरआवासीय नेपाली संघको १७ औं अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको र कार्यालय पदाधिकारीको बैठक सम्पन्न । मुख्यतया कोभिड-१९ सम्बन्धि गतिविधिहरू, आइएलओ परियोजना, संघको निर्वाचन प्रणालीको प्रतिवेदन, संघका विभागका गतिविधिहरू लगायत अन्य सरकोकारका विषयमा छलफल ।
- **११ जुलाई २०२०:** आइएलओको रिप्याट्रेसन परियोजना सम्बन्धि कतार, मलेसिया साउदी अरब र युएईसँग छलफल । छलफलमा संघका अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयका पदाधिकारी लगायत मध्यपूर्व र एशियाका क्षेत्रीय संयोजक तथा उपसंयोजकहरूको सहभागीता रहेको थियो ।
- **१२ जुलाई २०२०:** स्मार्ट एनआरएनको अनलाईन बैठक सम्पन्न । मुख्यतया संघको वेभसाइटलाई अद्यावधि गर्न, डिजिटल परिचय पत्र, सफ्टवेयर लगायतका विषयमा छलफल ।
- **१२ जुलाई २०२० :** संघका अध्यक्षको मिडिया तथा पब्लिकेशन समितिद्वारा आयोजना गरिएको प्रत्यक्ष संवाद कार्यक्रममा सहभागीता । मुख्यतया आइएलओ परियोजना, कोभिड १९ सम्बन्धि गतिविधि हरू, संघको सदस्यता, आगामी निर्वाचन प्रणाली र एनसिसिहरूको मापदण्ड लगायतका विषयमा संवाद भएको थियो ।
- **१३ जुलाई २०२०:** दोश्रो विज्ञ सम्मेलनको तयारी सम्बन्धमा छलफल ।




**HOTLINE**

**घरेलु हिंसा पिडित महिलाहरूले यस संस्थाको हटलाइन +९७७-९८०८३१२५५५ मा सम्पर्क गरी आफ्ना समस्या राख्न सक्नुहुनेछ ।**